कम्पनीले आफ्नो जारी पूँजी रु.१,००,००,००,०००/- (एक अर्ब) को ३४% अर्थात् रु.३४,००,००,०००/- (चौत्तीस करोड) रकम बराबरको रु.१०० अंकित दरका कुल ३४,००,००० (चौतिस लाख) कित्ता साधारण शेयर मध्ये १०% अर्थात रु.१०,००,००,०००/- (दश करोड) रकम बराबरको रु.१०० अंकित दरका १०,००,००० कित्ता साधारण शेयरहरु अति प्रभावित तथा प्रभावित क्षेत्रका स्थाई बासीन्दाहरुको लागि निष्काशन गरी बाँडफाँड गरिएको र बाँकी रहेको रु. २,४०,०००,०००/- (चौबिस करोड) रकम बराबरको रु.१००/- अंकित दरका २४,००,००० (चौबिस लाख) कित्ता शेयरहरु मध्ये वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका २,४०,००० कित्ता (१०%), १,२०,००० कित्ता (५%) सामूहिक लगानी कोषलाई बाँडफाँड गरिएको र ४८,००० कित्ता कर्मचारीहरुको लागि (२%) छुट्याई बाँकी रहेको १९,९२,००० कित्ता शेयर धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को अधिनमा रही सर्वसाधारणमा सार्वजनिक निष्काशन गरी बिक्री वितरण गरिने छ ।

दरखास्त दिनुपर्ने न्यूनतम कित्ता : १० शेयर
दरखास्त दिन पाउने अधिकतम कित्ता : १,००,००० शेयर

दरखास्त प्रति शेयर रु. १००/-का दरले शतप्रतिशत भुक्तानी गर्नुपर्ने ।

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

माया खोला हाईड्रोपावर कम्पनी लिमिटेड
Maya Khola Hydropower Company Limited

रजिष्टर्ड कार्यालय : का.म.न.पा-४, धुम्बाराही, काठमाण्डौं
फोन नं. ०१-४४३६३२५ इमेल: mayakhola.hpc@gmail.com
वेवसाइट: www.mkhpcl.com.np

को

आह्वान-पत्र

यो विवरण-पत्र नभई केवल आह्वान-पत्र मात्र हो ।

सर्वसाधारणका लागि साधारण शेयरको बिक्री खुल्ला अवधि :

निष्काशन खुल्ला हुने मिति : २०७९/१०/१३ गते
निष्काशन बन्द हुने मिति (छिटोमा) : २०७९/१०/१७ गते (बैकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०७९/१०/२७ गते (बैकिङ्ग समय पश्चात्)

क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इक्रा नेपाल लिमिटेडबाट इस्यूर रेटिङ्ग गराई "[ICRANP-IR) BB-" रेटिङ्ग प्राप्त गरेको छ । "[ICRANP-IR) BB-" ले कम्पनीको दाहित्व वहन गर्ने क्षमता औसत जोखिम "Moderate risk of default regarding timely servicing of financial Obligations" रहेका जनाउँदछ । इक्रा नेपाल लिमिटेडले [ICRANP-IR) AAA देखि [ICRANP-IR) D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [ICRANP-IR) AAA ले सकारात्मक आधार जनाउँछ भने [ICRANP-IR) D ले नकारात्मक आधारहरू जनाउँछ । सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा २२ (ण) मा उल्लेख गरिएको छ ।

इस्यूर रेटिङ्ग ग्रेड प्रदान गरेको मिति : २०७९/०५/१४ बहाल रहने अवधि : २०८०/०५/१२

कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित प्रतिफल देहाय बमोजिम रहेको छ :

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	आ.व. ०७५/०७६	आ.व. ०७६/०७७	आ.व. ०७७/०७८	आ.व. ०७८/०७९	आ.व. ०७९/०८०	आ.व.०८०/०८१	आ.व.०७८/०७९
प्रति शेयर नेटवर्थ रु.	९२.०१	९०.०३	८८.५३	९१.९०	९६.७१	१०१.४६	१०३.७७
प्रति शेयर आम्दानी रु.	(४.२४)	(३.१८)	(३.२५)	०.५०	२.०६	४.७५	७.३१
संचित नाफा नोक्सान (रु.हजार)	(२७,६८२.७८)	(४०,६६७.९९)	(५६,७३०.४५)	(५३,४२८.१३)	(३२,८६५.६६)	१४,६२२.७१	३७,६९१.६६

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिँदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

प्रति मेगावाट लागत सम्बन्धी विवरण :
कम्पनीले प्रवर्धन गरिरहेका माया खोला हाईड्रोपावर जलविद्युत १४.९ मे.वा आयोजनाको कुल अनुमानित लागत (Interest During Construction (IDC) सहित प्रति मे.वा. लागत रु.२०,१३,४२,२८१/९० छ ।

विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण :
माया खोला हाईड्रोपावर कम्पनी लि. जलविद्युत आयोजनाको विद्युत उत्पादन अनुमती पत्र वहाल रहने अवधि मिति २०७१/०२/२६ देखि २१०६/०२/२५ गते सम्म रहेकोले २६ वर्ष ९ महिना बाँकी रहेको छ ।

लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण :
आयोजनाको सामान्य लगानी फिर्ता हुने अवधि (Simple Pay Back Period) ७.३८ वर्ष र छुट लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) १७.१७ वर्ष रहेको छ ।

जलविद्युत आयोजनाको कुल लागत विवरण :
माया खोला हाईड्रोपावर कम्पनी जलविद्युत आयोजनाको कुल अनुमानित लागत (Interest During Construction (IDC) सहित रु.३,००,००,००,०००/- रहेको छ ।

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्रमा स्वीकृति प्राप्त भएको मिति २०७९/०८/०२ तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता मिति २०७९/०८/११

(१) संस्थाको नाम : माया खोला हाईड्रोपावर कम्पनी लिमिटेड (Maya Khola Hydropower Company Limited)

(२) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा : कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

(३) संस्थाको रजिष्टर्ड ठेगाना :
यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं ४ धुम्बाराही रहेको छ । सम्बन्धित निकायमा आवश्यकतानुसार स्वीकृती लिई अन्य ठाउँमा पनि शाखा कार्यालय खोल्न सकिनेछ ।

(४) जलविद्युत केन्द्र : यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र संखुवासभा, धर्मदेवी न.पा., वडा न. ४ मा रहेका छन् ।

(५) संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :

कम्पनीको स्थापना काल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :

१. नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने हेतुले निजी क्षेत्रका उद्यमीहरु मिलेर मिति २०६७/०२/१४ मा नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा **माया खोला हाइड्रोपावरको नाममा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई** कारोबार संचालन गर्दै आएको थियो । यस कम्पनीमा आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र)का बासिन्दा तथा सर्वसाधारणहरुको जनसहभागिता बिस्तार गर्ने हेतुले मिति २०७३/०८/१७ मा पब्लिक लिमिटेड कम्पनीमा परिणत भई माया खोला हाइड्रोपावर कम्पननी लिमिटेडको नाममा कारोबार संचालन गर्दै आएको कम्पनी हो । कम्पनीले आफ्नो आयोजनाबाट उत्पादित विद्युत बिक्रि गर्ने प्रयोजनका लागि नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद बिक्री सम्झौता (PPA) गर्दा Take or Pay प्रावधानमा आधारित भई गरिएको छ ।

२. हाल यस कम्पनीमा १६२ जना संस्थापक शेयरधनीहरु रहेका छन् । यस कम्पनीका संस्थापक शेयरधनीहरु विद्युत/उर्जा, बैंक/वित्तीय क्षेत्र एवं व्यापार/व्यवसायको साथै व्यवस्थापन क्षेत्रमा लामो समयदेखि दखखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् ।

३. यस कम्पनीले संखुवासभा जिल्लाको धर्मदेवी नगरपालिका स्थित माया खोला जलविद्युत आयोजनाबाट १४.९ मेगावाट जलविद्युत उत्पादन गर्ने उद्देश्य अनुरुप जलविद्युत आयोजनाको निर्माण, उत्पादन तथा संचालन गर्न नेपाल सरकार उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयबाट मिति २०७१/०२/२६ मा विद्युत उत्पादनको अनुमति प्राप्त गरेको हो ।

४. माया खोला जलविद्युत आयोजनवाट उत्पादन गरिएको सबै विद्युतशक्ति एकमुष्ट नेपाल विद्युत प्राधिकरणले खरिद गर्न मन्जुर गरी कम्पनी र प्राधिकरण बीच २०७० साल मार्ग ३० गते १४.९ मेगावाट क्षमताको विद्युत खरिद विक्री सम्झौता भईसकेको छ । विद्युत उत्पादन सुरु गर्नुपर्ने मिति (RCOD) २०७६ पौष १ रहेकोमा यस कम्पनीले नेपाल विद्युत प्राधिकरणलाई अनुरोध गरे बमोजिम आपसी सहमतीमा विद्युत उत्पादन सुरु गर्नुपर्ने मिति (RCOD) २०७९ आषाढ १६ गते सम्म रहेकोमा सो मिति समाप्त भएकोले कम्पनीले नेपाल विद्युत प्राधिकरणमा विद्युत उत्पादन सुरु गर्नुपर्ने मिति (RCOD) २०७९ पौष १५ गते सम्म थप गर्नको लागि अनुरोध गरिएकोमा सो प्रक्रियामा रहेको छ । अनुमानित विद्युत उत्पादन मिति २०७९ मंसिर १ गते रहेको छ ।

५. माया खोला जलविद्युत आयोजना (१४.९ मे.वा.) को मिति २०७१/०२/२६ मा नेपाल सरकार, ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालयबाट विद्युत उत्पादनको अनुमतिपत्र - वि.वि.वि. ०७०/७१ वि.उ. १२३ प्राप्त भएको हो र उक्त अनुमतिपत्र मिति २१०६/०२/२५ गते सम्म बहाल रहेकोले अनुमानित विद्युत उत्पादन मिति (२०७९, मंसिर) बाट २६ वर्ष ९ महिना बाँकी छ ।

६. यस माया खोला जलविद्युत आयोजना निर्माण सम्पन्न भइसक्दा आयोजनाको कूल लागत (Interest During Construction (IDC) सहित रु.३ अर्ब हुने र प्रति मेगावाट औसत लागत (Interest During Construction (IDC) सहित रु.२० करोड १३ लाख हुने अनुमान रहेको छ ।

७. कम्पनीले पहिचान गरी विकास निर्माण प्रारम्भ गरेको संखुवासभा जिल्लाको धर्मदेवी न.पा. वडा न ४ मा १४.९ मेगावाट क्षमताको माया खोला जलविद्युत आयोजनाको निर्माण कार्य भैरहेको छ र सम्पूर्ण निर्माण कार्य सम्पन्न भई मिति २०७९ साल मंसिर १ गते देखि आयोजना संचालनमा आउने छ ।

सि.नं.	विवरण	माया खोला जलविद्युत आयोजना
१	आयोजना स्थल	संखुवासभा जिल्ला, धर्मदेवी न.पा. वडा नं. ४ मुल सडक बाट १.५ कि.मि.को दुरीमा अवस्थित रहेको छ । आयोजनाको सम्पूर्ण संरचना संखुवासभा जिल्लाको धर्मदेवी नगरपालिका वडा नं. ३, ४ र ५ मा पर्दछन् ।
२	श्रोत नदी	माया खोला
३	आयोजनाको किसिम	रन अफ रिभर
४	डिजाइन डिस्चार्ज	४.३० क्युसेक
५	उत्पादन हुने इनर्जी	८,१५,६५,६५४ kWH
६	आयोजनाको उत्पादन क्षमता	१४.९ मेगावाट
७	ग्रस हेड	४३७.३० मिटर
८	डाइभर्सन बाँध	२० मिटर
९	डिस्यान्डीङ्ग वेसिन	६० x १२ x ९.५ मिटर सिङ्गल वे
१०	पेनस्टक	६९१ मिटर
११	पावरहाउस	लम्बाई ३६ मिटर, चौडाई १३ मिटर, उचाई ९.५ मिटर
१२	टर्वाइन	संख्या २, प्रति टर्वाइन आउटपुट ७,७५० KW
१३	जेनेरेटर	८७६५ KVA Per Unit (Two Unit)
१४	आयोजनाको हालको अनुमानित लागत	रु.३,००,००,००,००० /- (IDC समेत)

विद्युत उत्पादन अनुमति प्राप्त मिति : २०७१/०२/२६ **विद्युत उत्पादन अनुमति वहाल रहने मिति :** २१०६/०२/२५
उत्पादन हुने सम्भावित मिति : २०७९ साल मंसिर १ **जडित क्षमता :** १४.९ मे.वा ।

प्रसारण लाईन : कम्पनीले उक्त आयोजनाबाट उत्पादन हुने विद्युत ने.वि.प्रा. को प्रणलीमा प्रवाह गराउन पावर हाउस देखी ने.वि.प्रा.को निर्माणाधि बानेश्वर सब-स्टेशन सम्म ३३ के.भी. प्रसारण लाईन तथा कनेक्शन प्वाईन्ट Interconnection Facilities निर्माण गरी जोडिने छ ।

आयोजनाको कुल लागत : रु.३ अर्ब । **आयोजनाको प्रति मेगावाट लागत :** रु.२० करोड १३ लाख मात्र ।
आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि : ७.३८ वर्ष । **आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि :** १७.१७ वर्ष ।

RCOD मिति : २०७९ आषाढ १६ गते सम्म रहेकोमा सो मिति समाप्त भएकोले कम्पनीले नेपाल विद्युत प्राधिकरणमा विद्युत उत्पादन सुरु गर्नुपर्ने मिति (RCOD) २०७९ पौष १५ गते सम्म थप गर्नको लागि अनुरोध गरिएकोमा सो प्रक्रियामा रहेको ।

कम्पनीको वित्तिय परिसुचक -
आयोजनाको व्यापारीक उत्पादन शुरु हुने वर्ष लाई आधार बर्ष मान्दा लगानी फिर्ता हुने अवधि (Pay Back Period) ७.३८ वर्ष र (Discounted Pay Back Period at 12 % Discount rate) १७.१७ वर्ष र Internal Rate of Return १३.११ प्रतिशत र Net Present Value (NPV) : रु २०,५७,३४,००३/- रहने अनुमान रहेको छ । नेपाल राष्ट्र बैंकले Valuation प्रयोजनको लागि तोकेको प्रकृयालाई आधार मानी कम्पनीको तीसौं बर्षको नगद प्रबाहलाई Discount Rate ले भाग गरि आउने नगद प्रबाहलाई Terminal Value मानी Net Present Value (NPV) तथा Internal Rate of Return (IRR) गणना गरिएको । NPV तथा IRR गणना गर्दा Cash Flow Basis विधि अनुरुप गणना गरिएको छ ।

Net Present Value (NPV) तथा **Internal Rate of Return (IRR)** गणना विधि तथा तरिका :

1. NPV = Net Cash In Flowt1 / (1+r)t1 + Net Cash In Flowt2 / (1+r)t2 + ... Net Cash In Flowtn / (1+r)tn - Net Cash Out Flowt0 / (1+r)t0
where,
r = Discount rate
t = Number of time periods
2. IRR= Ct - C0
(1+r) t
where,
Ct = Net cash inflow during the period t
C0= Total initial investment costs
r = Discount rate
t = Number of time periods

रकम रु. हजारमा

वर्ष	लगानी	आय	संचालन तथा व्यवस्थापन	रोयल्टी	ब्याज खर्च	ह्रास कट्टी	बोनस	कर अधिको आम्दानी	कर (०%,१०%,२०%)	कर पछिको आम्दानी	नगद प्रवाह
a	b	c	d	e	f	g	h	i	j	k	L= (b+f+g+k)
०	(२,३२६,००७)										(२,३२६,००७)
आ.ब. २०७९/८०	(६७३,९९३)	२४९,८२३	२०,४५४	६,३६२	१२५,४२५	७६,६०८	४११	२०,५६२	-	२०,५६२	(४५१,३९७)
आ.ब.२०८०/८१		४४९,७१०	३६,०३५	१०,३५६	२४०,६०२	११४,२८०	९५०	४७,४८८	-	४७,४८८	४०२,३७०
आ.ब.२०८१/८२		४६४,६४९	३६,१२९	१०,६१८	२२९,९३१	११३,४४०	१,४६१	७३,०६९	-	७३,०६९	४१६,४४०
आ.ब.२०८२/८३		४७७,९१५	३६,२००	१०,८७९	२१७,९२१	११२,७८१	१,९६३	९८,१७१	-	९८,१७१	४२८,८७३
आ.ब. २०८३/८४		४९१,१८२	३६,२४२	११,१४१	२०४,४०४	११२,२६२	२,४९३	१२४,६४०	-	१२४,६४०	४४१,३०६
आ.ब. २०८४/८५		५०४,४४८	३६,३४२	११,४०२	१८९,१९०	११३,३८९	३,०२२	१५१,१०३	-	१५१,१०३	४५३,६८२
आ.ब.२०८५/८६		५१०,२२०	३६,३०३	११,५१८	१७२,०६६	११३,३०७	३,४७१	१७३,५५४	-	१७३,५५४	४५८,९२८
आ.ब. २०८६/८७		५१०,२२०	३६,२१६	११,५१८	१५२,७९४	११२,९३१	३,८५८	१९२,९०३	-	१९२,९०३	४५८,६२८
आ.ब. २०८७/८८		५१०,२२०	३६,०८२	११,५१८	१३१,१०२	११२,६३४	४,२९२	२१४,५९२	-	२१४,५९२	४५८,३२८
आ.ब.२०८८/८९		५१०,२२०	३६,३८१	११,५१८	१०६,६८८	११२,४००	४,७६९	२३८,४६३	-	२३८,४६३	४५७,५५२
आ.ब. २०८९/९०		५१०,२२०	३५,७३७	११,५१८	७९,२१०	११४,११६	५,२८७	२६४,३५३	२६,४३५	२३७,९१७	४३१,२४३
आ.ब. २०९०/९१		५१०,२२०	३५,४१५	११,५१८	४८,२८३	११४,२११	५,८९८	२९४,८९५	२९,४९०	२६५,४०६	४२७,९००
आ.ब.२०९१/९२		५१०,२२०	३४,८२८	११,५१८	१५,८४९	११३,९७४	६,५५०	३२७,५०१	३२,७५०	२९४,७५१	४२४,५७४
आ.ब. २०९२/९३		५१०,२२०	३४,७४४	११,५१८	-	११३,७८७	६,८६६	३४३,३०४	३४,३३०	३०८,९७४	४२२,७६१
आ.ब. २०९३/९४		५१०,२२०	३५,०४०	११,५१८	-	११३,६४१	६,८६३	३४३,१५८	३४,३१६	३०८,८४२	४२२,४८३
आ.ब. २०९४/९५		५१०,२२०	३५,४२५	६५,०३९	-	११६,०८८	५,७५८	२८७,९०९	५७,५८२	२३०,३२७	३४६,४१५
आ.ब. २०९५/९६		५१०,२२०	३५,७१४	६५,०३९	-	११६,२३९	५,७५०	२८७,४७९	५७,४९६	२२९,९८३	३४६,२२१
आ.ब. २०९६/९७		५१०,२२०	३६,००२	६५,०३९	-	११६,०४५	५,७४८	२८७,३८६	५७,४७७	२२९,९०८	३४५,९५४
आ.ब. २०९७/९८		५१०,२२०	३६,२९०	६५,०३९	-	११५,८९४	५,७४५	२८७,२५१	५७,४५०	२२९,८०१	३४५,६९५
आ.ब. २०९८/९९		५१०,२२०	३६,५७९	६५,०३९	-	११५,७७६	५,७४२	२८७,०८३	५७,४१७	२२९,६६७	३४५,४४३
आ.ब. २०९९/००		५१०,२२०	३६,९५९	६५,०३९	-	११९,८५५	५,६५४	२८२,७१३	५६,५४३	२२६,१७०	३४६,०२५
आ.ब. २१००/०१		५१०,२२०	३७,२३६	६५,०३९	-	१२०,०२३	५,६४६	२८२,२७६	५६,४५५	२२५,८२१	३४५,८४४
आ.ब. २१०१/०२		५१०,२२०	३७,५१२	६५,०३९	-	११९,८४५	५,६४४	२८२,१८०	५६,४३६	२२५,७४४	३४५,५८८
आ.ब. २१०२/०३		५१०,२२०	३७,७९०	६५,०३९	-	११९,७०५	५,६४१	२८२,०४४	५६,४०९	२२५,६३६	३४५,३४१
आ.ब. २१०३/०४		५१०,२२०	३८,०६७	६५,०३९	-	११९,५९७	५,६३८	२८१,८७९	५६,३७६	२२५,५०३	३४५,१००
आ.ब. २१०४/०५		५१०,२२०	३८,३४५	६५,०३९	-	११९,५१२	५,६३४	२८१,६९०	५६,३३८	२२५,३५२	३४४,८६३
आ.ब. २१०५/०६		४५०,८१२	३८,५६४	५९,०९९	-	११०,२५६	४,७६३	२३८,१३०	४७,६२६	१९०,५०४	३००,७६१
Net Present Value (NPV) Rs '000	२०५,७३४										
Internal Rate of Return (IRR)	१३.११%										
B/C Ratio / Profitability Index	१.०८										

कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरीद-बिक्री सम्झौताको मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन् ।
क) नेपाल विद्युत प्राधिकरणसंग आयोजना संचालनको सहजताका लागि समन्वय समिति गठन गरी कार्यगर्ने ।
ख) माया खोला जलविद्युत आयोजनाबाटको विद्युत खरिद बिक्री दर विद्युत खरिद बिक्री सम्झौताको बर्षामा ४.८० रुपैया र हिउँदमा ८.४० रुपैया कायम भएको छ ।
ग) कम्पनीको कन्ट्रयाक इनर्जी वार्षिक माया खोला जलविद्युत आयोजनाबाट वार्षिक ८१,५६५,६५४ kWh घण्टा रहेको छ ।

(अवधि) व्यापारिक उत्पादन शुरु हुने मिति (COD) बाट एक वर्ष पुगेको महिनाको लगतै पछिको महिनादेखि लागु हुने गरि	सुख्खा याम (पौष देखि चैत्र सम्म) (रु. प्रति युनिट)	वर्षा याम (वैशाख देखि मार्गसम्म) (रु. प्रति युनिट)
पहिलो महिना देखि १२ औं महिनासम्म	८.४०	४.८०
१३ औं महिना देखि २४ औं महिनासम्म	८.६५	४.९४
२५ औं महिना देखि ३६ औं महिनासम्म	८.९०	५.०९
३७ औं महिना देखि ४८ औं महिनासम्म	९.१६	५.२३
४९ औं महिना देखि ६० औं महिनासम्म	९.४१	५.३८
६१ औं महिना देखि सम्झौताको अवधि सम्म	९.६६	५.५२

कम्पनीको प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए अनुसार कम्पनी कानुन तथा अन्य प्रचलित कानुनको अधिनमा स्वीकृती लिनु पर्ने भए सम्बन्धित निकायको स्वीकृति समेत लिई यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :
(क) देशका विभिन्न नदि नालाहरुमा जलविद्युत आयोजना सञ्चालन गर्ने विद्युत उत्पादन गर्ने, वितरण तथा प्रसारण गर्ने ।
(ख) सञ्चालन भई रहेका विद्युत आयोजनाहरु वा सञ्चालन हुन नसकि बन्द हुन पुगेका विद्युत आयोजनाहरु लिजमा वा ठेक्कामा लिई सञ्चालन गर्ने गराउने ।
(ग) विद्युतिय सेवा प्राप्त गर्न नसकेको जनसमुदायहरु लाभन्वित हुने गरी साना तथा मझौला जलविद्युत आयोजनाहरु सञ्चालन गर्ने गराउने ।
(घ) विद्युत प्रसारण लाईन निर्माण गर्ने तथा लिजमा लिने दिने ।
(ङ) सामुदायिक विद्युतिकरण गर्ने गराउने ।
(च) विद्युतबाट सञ्चालित यातायातका साधन, श्रोतको निर्माण तथा सञ्चालन गर्न सक्ने ।
(छ) कुनै पनि गाउँ तथा नगरपालिकामा खानेपानी आयोजना सञ्चालन गर्ने गराउने ।

६) धितोपत्र जारी गर्नुको उद्देश्य :
धितोपत्र जारी गर्नुको उद्देश्य आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि निष्कासन तथा बिक्री गरी स्थानीय बासिन्दाहरुलाई लगानीको अवसर दिनु, वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि स्वदेशमा नै लगानीको बातावरण सृजना गराउनु र कम्पनीबाट निर्माणधिन जलविद्युत आयोजनाको बाँकि निर्माण कार्यको लागि उपयोग गरिने छ ।

७) पूँजी संरचना सम्बन्धी जानकारी :
अधिकृत पूँजी : यस कम्पनीको अधिकृत पूँजी रु.१,००,००,००,०००/- (एक अर्व) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले १,००,००,००० (एक करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ ।
जारी पूँजी : यस कम्पनीको जारी पूँजी रु.१,००,००,००,०००/- (एक अर्व) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले १,००,००,००० (एक करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ ।
चुक्ता पूँजी : यस कम्पनीको संस्थापकहरुबाट तत्काल चुक्ता पूँजी रु.६६,००,००,०००/- (छैसट्ठी करोड) रहेको छ जसलाई रु.१००/- का दरले ६६,००,००० (छैसट्ठी लाख) थान शेयरमा विभाजन गरिएको छ ।
स्वीकृत विवरणपत्र मार्फत सर्वसाधारणका निमित्त छुट्टाइएको रु.३४,००,००,०००/- (चौतीस करोड) रकम बराबरको रु.१००/- अंकित दरको ३४,००,००० कित्ता साधारण शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.१,००,००,००,०००/- (एक अर्व) हुनेछ ।

८) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप)
साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

समूह	शेयरधनीहरु	साधारण शेयर संख्या	पूँजी संरचना %	चुक्ता रकम	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु	६६,००,०००	६६%	६६,००,००,०००/-	शत प्रतिशत भुक्तानी भएको
ख	स्थानीय बासिन्दाहरु	१०,००,०००	१०%	१०,००,००,०००/-	निष्काशन पश्चात भुक्तानी हुने
ग	सर्वसाधारण शेयरधनीहरु (वैदेशिक रोजगारी, कर्मचारी सहित)	२४,००,०००	२४%	२४,००,००,०००/-	निष्काशन पश्चात भुक्तानी हुने
	जम्मा	१,००,००,०००	१००%	१,००,००,००,०००/-	

९) आधारभूत/संस्थापक/संचालक सम्बन्धी विवरण :

संचालकहरुको विवरण :

सि.नं.	नाम, ठेगाना	पद	उमेर	राष्ट्रियता	शेयर स्वामित्व कित्ता	शैक्षिक योग्यता	अनुभव (सम्बन्धित) जलविद्युत क्षेत्रमा	अनुभव (अन्य)
१	**विजयमान शेरचन,** का.जि.का.म.न. पा.वडा नं.२	अध्यक्ष, संस्थापक समुह	७६	नेपाली	१,००,०००	मेकानिकल इन्जिनियरिङ्गमा स्नाकोत्तर	विगत ३० वर्ष देखि जलविद्युत क्षेत्रमा अनुभव रहेको हाल माया खोला हाईड्रोपावर कम्पनी लिमिटेडमा अध्यक्षको रुपमा आवद्ध रहेको । (२०७५/०६/१२ मा सम्पन्न भएको तेस्रो तथा चौथो साधारण सभाको निर्णय देखि)	१. अध्यक्ष-पशुपती भेन्चर क्यापिटल प्रा.लि २. पूर्व अध्यक्ष-नेभिट्रेड लिमिटेड ३. पूर्व निर्देशक-सिम्याट कन्शल्टयान्टस ४. पूर्व प्रबन्ध निर्देशक-मैलुङ्ग खोला हाइड्रोपावर कम्पनी प्रा. लि. ५. पूर्व महाप्रबन्धक-गोर्खा हाइड्रोपावर कम्पनी प्रा.लि ६. पूर्व सदस्य-नेपाल सरकार जल ऊर्जा आयोग
२	**श्री दिनेश प्रशाद श्रेष्ठ,** धापासी-८, काठमाडौं	संचालक, संस्थापक समुह	६१	नेपाली	–	वाणिज्य विषयमा स्नातक	हाल माया खोला हाईड्रोपावर कम्पनी लिमिटेडमा सञ्चालक भई आवद्ध रहेको । (२०७५/०६/१२ मा सम्पन्न भएको तेस्रो तथा चौथो साधारण सभाको निणर्य देखि)	१. प्रोपराइटर-हनी इन्टरप्राइजेज प्रा. ली. २. प्रोपराइटर-पेरेनियल इनर्जी नेपाल प्रा. ली. ३. संचालक-पशुपती भेन्चर क्यापिटल प्रा.लि ४. अध्यक्ष-नेपाल थाइलैण्ड व्यापार संगठन ५. अध्यक्ष-एमएन इन्टरनेशनल प्रा.ली.
३	**श्री विनोद थकाली,** म्याग्दी जिल्ला ओखरबोट गा.वि.स.वडा नं.७	संचालक, संस्थापक समुह	५८	नेपाली	१,००,०००	एस एल सि	हाल माया खोला हाईड्रोपावर कम्पनी लिमिटेडमा सञ्चालक भई आवद्ध रहेको । (२०७५/०६/१२ मा सम्पन्न भएको तेस्रो तथा चौथो साधारण सभाको निणर्य देखि)	१. भुपू-बृटिश आर्मी २. पूर्व अध्यक्ष-प्रभु क्यापिटल लिमिटेड ३. पूर्व संचालक-प्रभु फाइनान्स लिमिटेड
४	**श्री हेमनिधि शर्मा,** रुपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं.६	संचालक, संस्थापक समुह	५४	नेपाली	१,००,०००	सिभिल इन्जिनियरिङ्ग मा स्नातक	हाल माया खोला हाईड्रोपावर कम्पनी लिमिटेडमा सञ्चालक भई आवद्ध रहेको । (२०७५/०६/१२ मा सम्पन्न भएको तेस्रो तथा चौथो साधारण सभाको निर्णय देखि)	सिभिल इन्जिनियरिङ्गमा स्नातक गरि विभिन्न निर्माण कार्यहरुमा २७ वर्षको अनुभव हासिल भएको । १. हाल प्रोजेक्ट को अर्डिनेटर, इआरएमसि प्रा. लि.
५	**श्री दिनानाथ दाहाल,** संखुवासभा जिल्ला सादी गा.वि.स.वडा नं.२	संचालक, संस्थापक समुह	७३	नेपाली	२,२६,२७०	इलेक्ट्रिकल इन्जिनियरिङ्ग	हाल माया खोला हाईड्रोपावर कम्पनी लिमिटेडमा सञ्चालक भई आवद्ध रहेको । (२०७८/०३/३१ मा सम्पन्न भएको पाचौं साधारण सभाको निर्णय देखि)	इलेक्ट्रिकल इन्जिनियरिङ्ग, निम्न कार्यहरुको अनुभव हासिल भएको । १. पूर्व कर्मचारी-नेपाल विद्युत प्राधिकरण

आधारभूत शेयरधनीहरुको विवरण :

सि.नं.	नाम, पद र ठेगाना	उमेर	राष्ट्रियता	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव (सम्बन्धित) जलविद्युत क्षेत्रमा	अनुभव (सम्बन्धित वा अन्य)
१	**पशुपती इनर्जी डेभलप्मेन्ट कम्पनी-संस्थापक शेयरधनी** का.जि.का.म.न.पा.वडा नं.४, धुम्बाराही	लागु नहुने	लागु नहुने	१४,१९,४७०	लागु नहुने	लागु नहुने	लागु नहुने
२	**प्रभु क्यापिटल लिमिटेड** काठमाडौं	लागु नहुने	लागु नहुने	१,२४,०००	लागु नहुने	लागु नहुने	लागु नहुने
३	**प्रभु इन्स्योरेन्स लिमिटेड** काठमाडौं	लागु नहुने	लागु नहुने	४,६०,०००	लागु नहुने	लागु नहुने	लागु नहुने
४	**देवी प्रकाश भट्टचन** ल.पु.जि.ल.पु.उ.म.न. पा. वडा नं.२	६०	नेपाली	३,२९,१६०	स्नाकोत्तर	लागु नहुने	१. पूर्व अध्यक्ष, प्रभु बैंक लिमिटेड २. पूर्व अध्यक्ष, प्रभु इन्सुरेन्स लिमिटेड ३. पूर्व अध्यक्ष, डिस होम लिमिटेड
५	**विनोद थकाली** म्याग्दी जिल्ला ओखरबोट गा.वि.स. वडा नं.७	६०	नेपाली	१,००,०००	एस. एल. सि.	१. संचालक, खानी खोला हाईड्रोपावर कम्पनी लि.	१. भुपू बृटिश आर्मी २. पूर्व अध्यक्ष, प्रभु क्यापिटल लिमिटेड ३. पूर्व संचालक, प्रभु फाइनान्स लिमिटेड
६	**सनराईज होल्डीङ्स प्रा.लि.**	लागु नहुने	लागु नहुने	१,२१,५९०	लागु नहुने	लागु नहुने	लागु नहुने
७	**दिनानाथ दाहाल** संखुवासभा जिल्ला सादी गा.वि.स.वडा नं.२	७१	नेपाली	२,२६,२७०	इन्जिनियर	लागु नहुने	इलेक्ट्रिकल इन्जिनियरिङ्ग, निम्न कार्यहरुको अनुभव हासिल भएको । १. पूर्व कर्मचारी नेपाल विद्युत प्राधिकरण २. उपाध्यक्ष ओसिआरए
८	**आदित्य श्रेष्ठ** धापासी-८, काठमाडौं	३०	नेपाली	१,४०,०००	स्नातक उत्तिर्ण	लागु नहुने	ब्यापार व्यवसाय
९	**हेमन्त नहाटा** का.जि.का.म.न.पा.वडा नं.३१	५८	नेपाली	१,७०,०००		लागु नहुने	ब्यापार व्यवसाय
१०	**दिपेश शिवाकोटी** झापा जिल्ला अनारमुनी गा.वि.स.वडा नं.२	४२	नेपाली	१,४१,२५५	इन्जिनियर	लागु नहुने	ब्यापार व्यवसाय
११	**देवेन्द्र वाग्ले** चितवन जिल्ला जुटपानी गा.वि.स.वडा नं.४	५२	नेपाली	१,४२,०००	स्नात्तक	लागु नहुने	ब्यापार व्यवसाय
१२	**रुपकनन्दन सिंह प्रधान** ल.पु.जि.ल.पु.उ.म.न. पा.वडा नं.३	५६	नेपाली	१,६५,०००	स्नातक उत्तिर्ण	लागु नहुने	ब्यापार व्यवसाय
१३	**हेमनिधि शर्मा** रुपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं.६	५४	नेपाली	१,००,०००	इन्जिनियर	लागु नहुने	परामर्श सेवा
१४	**अनु शर्मा** रुपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं.६	४९	नेपाली	१,००,०००	इन्टरमिडियट	लागु नहुने	गृहिणी
१५	**सलिल शर्मा** का.जि.का.म.न.पा.वडा नं.१४	४०	नेपाली	१,२६,५५०	इन्जिनियर	लागु नहुने	ब्यापार व्यवसाय
१६	**विवेक मान शेरचन** का.जि.का.म.न.पा.वडा नं.२	४५	नेपाली	१,००,०००	इन्टरमिडियट	लागु नहुने	ब्यापार व्यवसाय
१७	**विजयमान शेरचन** का.जि.का.म.न.पा.वडा नं.२	७६	नेपाली	१,००,०००	मेकानिकल इन्जिनियरिङ्गमा स्नाकोत्तर	१.संचालक, माया खानी खोला हाइड्रोपावर कम्पनी लि.	**१.** अध्यक्ष, पशुपती भेन्चर क्यापिटल प्रा.लि **२.** पूर्व अध्यक्ष, नेभिट्रेड लिमिटेड **३.** पूर्व निर्देशक, सिम्याट कन्शल्टयान्टस **४.** पूर्व प्रबन्ध निर्देशक, मैलुङ्ग खोला हाइड्रोपावर कम्पनी प्रा. लि. **५.** पूर्व महाप्रबन्धक, गोर्खा हाइड्रोपावर कम्पनी प्रा.लि. **६.** नेपाल सरकार जल ऊर्जा आयोगमा पूर्व सदस्य
१८	**रमेश कुमार सिलवाल** बोनिघाट-९, धादिङ्ग	७२	नेपाली	१,४०,०००	स्नात्तकोतर	लागु नहुने	ब्यापार व्यवसाय
१९	**सिद्धार्थ इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट एण्ड इन्भेष्टमेन्ट कम्पनी प्रा.लि.**	लागु नहुने	लागु नहुने	१,१०,०००	लागु नहुने	लागु नहुने	लागु नहुने
२०	**दिलीप अग्रवाल** ल.पु.जि. ल.उप.म.न.पा. वडा नं. २	४९	नेपाली	३,००,०००	स्नातक तह	लागु नहुने	ब्यापार व्यवसाय
२१	**हरिहर उप्रेती** का.जि.का.म.न.पा.वडा नं.३१	६३	नेपाली	१,००,०००	इन्टरमिडियट	लागु नहुने	ब्यापार व्यवसाय

१०) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीहरु सम्बन्धी विवरण :

सि.नं.	कर्मचारीको नाम	पद	शैक्षिक योग्यता	नियुक्ति मिति	कार्यानुभव	शेयर कित्ता
१	श्री दिनेश प्रशाद श्रेष्ठ	प्रबन्धक संचालक	स्नातक-व्यवस्थापन	२०७५/१२/०४	हाल माया खोला हाइड्रोपावर कम्पनी लिमिटेडमा प्रबन्ध सञ्चालकको रुपमा आवद्ध रहेको र साथै विभिन्न हाइड्रो प्रोजेक्टहरु तथा अन्य विभिन्न व्यवसायमा मा आवद्ध रहेको ।	
२	श्री सागर नेपाल	प्रबन्धक	स्नातक-व्यवस्थापन	२०७५/१२/१२	खानी खोला हाइड्रोपावर कम्पनी लिमिटेडमा कार्य गरि १० वर्ष अनुभव हासिल हाल माया खोलामा कार्यरत	
३	श्री नविन कुमार वर्मा	कम्पनी सचिव	स्नातकोत्तर–कानुन	२०७५/०६/१२	हाल माया खोला हाइड्रोपावर कम्पनी लिमिटेडमा कम्पनी सचिबको रुपमा आवद्ध रहेको र विभिन्न हाइड्रो प्रोजेक्टहरु तथा अन्य विभिन्न कम्पनीहरुमा कानुनी प्रतिनिधिको कार्य अनुभव रहेको ।	

११) संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धि व्यवस्था:
कम्पनीको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक समिति देहाय बमोजिम हुनेछ :

समूह "क" शेयरधनीहरूबाट मनोनित वा निर्वाचित सञ्चालकहरू	४ जना
समूह "ख" अन्तर्गतका सर्वसाधारण समूहका शेयरधनीहरूबाट निर्वाचित सञ्चालकहरू (पछि नियुक्ति गरिनेछ ।	२ जना
व्यवसायिक विशेषज्ञबाट सञ्चालक	१ जना
जम्मा	**७ जना**

कम्पनीको नियमावली नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १००(एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ तर स्वतन्त्र सञ्चालक र संगठित संस्थाको प्रतिनिधि संचालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

१२) सीमित दायित्व सम्बन्धी विवरण :
यस कम्पनी प्रचलित कम्पनी कानुन अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरुको दायित्व सीमित छ । यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

१३) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा संचालन अवधिभरको लेखापरीक्षण भएको वित्तीय विवरण:

वासलात

विवरण	वास्तविक रु. हजारमा		
	आ.ब.०७५/७६	आ.ब.०७६/७७	आ.ब.०७७/७८
पूंजी तथा दायित्व			
शेयर होल्डरहरुको कोष			
शेयर पूंजी	१६९,८५६.१०	१६९,८५६.१०	३२६,६३२.५०
अग्रिम कल मनी	१७६७७६.४०	२३७,८४४.४०	१६८,०६५.००
जगेडा कोष र संचित नाफा/नोक्सान	(२७,६८२.७८)	(४०,६६७.९९)	(५६,७३०.४५)
कूल पूंजी	३१८,९४९.७२	३६७,०३२.५१	४३७,९६७.०५
दिर्घकालिन दायित्व			
दिर्घकालिन कर्जा (बैंकबाट कर्जा)	४५४,५६७.८०	८३०,४११.५४	१,५४७५८६.७१
कूल कर्जा	४५४,५६७.८०	८३०,४११.५४	१,५४७५८६.७१
जम्मा पूंजी तथा दायित्व	७७३,५१७.५२	१,१९७,४४४.०५	१,९८५,५५३.७६
सम्पत्ति			
दिर्घकालिन सम्पत्ति			
कुल स्थिर सम्पत्ति	३७८८२.८०	२३,५४०.२२	२३,६०७.५०
न्युनसंचित ह्रास	(८२४८.६०)	(११,११४.८६)	(१३,४११.३३)
खुद स्थिर सम्पत्ति	२९६३४.२०	१२,४२५.३६	१०,१९६.१६
निर्माणाधिन परियोजना	५०२,२१८.६५	८५८,०५९.१२	१,९८६,९१३.२४
लगानी			१६,७१६.६०
चालु सम्पति			
नगद तथा बैंक मौज्दात	४६०८८.६९	८,७८३.४६	२९,७१६.३५
प्राप्त हुन बाँकी (नेपाल विद्युत प्राधिकरण)			
अन्य चालु सम्पत्ति	२०४,५४१.८०	३६२,७८३.५१	१३२३७१.६९
जम्मा चालु सम्पत्ति	२५०,६३०.४९	३७१,५६६.९७	१६२,०८८.०४
न्युन: चालू दायित्व तथा व्यवस्था			
जम्मा चालू दायित्व	८,९६५.८२	४४,६०७.४०	१९०,३६०.२९
खूद चालु सम्पत्ति	२४१६६४.६६	३२६,९५९.५७	(२८,२७२.२४)
जम्मा सम्पत्ति	७७३,५१७.५२	१,१९७,४४४.०५	१,९८५,५५३.७६

नाफानोक्सान हिसाब

विवरण	वास्तविक रु. हजारमा		
	आ.ब.०७५/७६	आ.ब.०७६/७७	आ.ब.०७७/७८
आम्दानी:			
विद्युत बिक्रि आम्दानी	–	–	–
अन्य आम्दानी	५७१.१८	९०१.४६	४५३.४१
जम्मा आम्दानी	५७१.१८	९०१.४६	४५३.४१
खर्च			
रोयल्टी खर्च	–	–	–
पेनाल्टी खर्च	–	–	–
प्रोजेक्ट संचालन तथा प्रशासन खर्च	(११७८६.३४)	(११०२०.४२)	(१४,२१९.३९)
EBDIT	(११२१५.१६)	(१०११८.९६)	(१३,७६५.९८)
ह्रास खर्च	(३४८१.२९)	(२८६६.२६)	(२,२९६.४७)
EBIT	(१४,६९६.४५)	(१२९८५.२१)	(१६,०६२.४५)
वित्तीय खर्च	–	–	–
EBT	(१४,६९६.४५)	(१२९८५.२१)	(१६,०६२.४५)
बोनस खर्च	–	–	–
आय कर	–	–	–
स्थगित कर	–	–	–
कर कट्टापश्चात्को नाफा	(१४,६९६.४५)	(१२९८५.२१)	(१६,०६२.४५)
NPAT Brought Forward	(१२,९८६.३३)	(२७६८२.७८)	(४०,६६७.९९)
न्यून : विनियोजन/ समायोजन			
समायोजन	–	–	–
लाभांश	–	–	–
खुद नाफा/नोक्सान	(२७,६८२.७८)	(४०,६६७.९९)	(५६,७३०.४५)

वासलात

विवरण	प्रक्षेपित रु. हजारमा		
	आ.ब.०७९/८०	आ.ब.०८०/८१	आ.ब.०८१/८२
पूंजी तथा दायित्व			
शेयर पूंजी	१,०००,०००.००	१,०००,०००.००	१,०००,०००.००
नियमन जगेडा			
कल मनी			
संचित नाफा/नोक्सान	(३२,८६५.६६)	१४,६२२.७१	३७,६९१.६६
जम्मा	९६७,१३४.३४	१,०१४,६२२.७१	१,०३७,६९१.६६
दिर्घकालिन दायित्व			
दिर्घकालिन कर्जा (बैंकबाट कर्जा)	१,९६१,११४.२४	१,८७६,०९४.०७	१,७८०,४०३.११
अल्पकालिन कर्जा	-	-	-
चालुपूंजी कर्जा	७५,०००.००	७५,०००.००	७५,०००.००
कूल कर्जा	२,०३६,११४.२४	१,९५१,०९४.०७	१,८५५,४०३.११
जम्मा पूंजी तथा दायित्व	३,००३,२४८.५८	२,९६५,७१६.७८	२,८९३,०९४.७७
सम्पत्ति तथा दायित्व			
दिर्घकालिन सम्पत्ति			
स्थिर सम्पत्ति			
जम्मा स्थिर सम्पत्ति (सम्पत्ति तथा उपकरण)	२,८७७,४३७.१८	२,७६३,१५७.४९	२,६४९,७१७.३०
निर्माणाधिन परियोजना			
जम्मा दिर्घकालिन सम्पत्ति	२,८७७,४३७.१८	२,७६३,१५७.४९	२,६४९,७१७.३०
लगानी	१६,७१६.६०	१६,७१६.६०	१६,७१६.६०
चालु सम्पत्ति			
नगद तथा बैंक मौज्दात	१४६,५६३.७०	१५४,१३५.०५	२३७,२६५.३१
प्राप्त हुन बाँकी (नेपाल विद्युत प्राधिकरण)	८६,२०५.००	८८,७९१.१५	९१,३७७.३०
अन्य चालु सम्पत्ति	१३,७४३.९९	१२,३६९.५९	११,१३२.६३
जम्मा चालु सम्पत्ति	२४६,५१२.७०	२५५,२९५.७९	३३९,७७५.२४
न्युन: चालु दायित्व तथा व्यवस्था			
अन्य दायित्व तथा प्रावधान	१३७,४१७.९०	६९,४५३.०९	११३,११४.३७
जम्मा चालु दायित्व	१३७,४१७.९०	६९,४५३.०९	११३,११४.३७
खूद चालु सम्पत्ति	१०९,०९४.८०	१८५,८४२.६९	२२६,६६०.८७
जम्मा सम्पत्ति	३,००३,२४८.५८	२,९६५,७१६.७८	२,८९३,०९४.७७

नाफानोक्सान हिसाब

विवरण	प्रक्षेपित रु. हजारमा		
	आ.ब.०७९/८०	आ.ब.०८०/८१	आ.ब.०८१/८२
आम्दानी:			
विद्युत बिक्रि आम्दानी	२४९,८२२.८०	४४९,७१०.४८	४६२,९७६.९६
अन्य आम्दानी	–	–	१,६७१.६६
जम्मा आम्दानी	२४९,८२२.८०	४४९,७१०.४८	४६४,६४८.६२
खर्च			
रोयल्टी खर्च	(६,३६२.०४)	(१०,३५६.०६)	(१०,६१७.६६)
प्रोजेक्ट संचालन तथा प्रशासन खर्च			
बिमा खर्च	(५,९०८.०९)	(८,६३२.३१)	(८,२८९.४७)
सामाजिक उत्तरदायित्व	(१६६.५५)	(४४९.७१)	(४६२.९८)
बैंक एजेन्सि शुल्क	–	(४,९०२.७९)	(४,६९०.२४)
तलब तथा भत्ता	(९,१७३.६७)	(१४,१७३.३२)	(१४,५८६.१३)
घर भाडा खर्च	(७२०.००)	(१,११२.४०)	(१,१४४.८०)
विजुली खर्च	(१६०.००)	(२४७.२०)	(२५४.४०)
मसलन्द खर्च	(५०.००)	(७७.२५)	(७९.५०)
टेलिफोन खर्च	(८३.३३)	(१२८.७५)	(१३२.५०)
इनधन खर्च	(२२६.६७)	(३५०.२०)	(३६०.४०)
सवारी मर्मत	(१००.००)	(१५४.५०)	(१५९.००)
लेखा परिक्षण शुल्क	(१२५.००)	(१२८.७५)	(१३२.५०)
पत्र पत्रिका	(३३.३३)	(५१.५०)	(५३.००)
मर्मत तथा संभार	(३,०००.००)	(४,६३५.००)	(४,७७०.००)
बैंक चार्ज तथा कमिशन	(१८७.५०)	(१८७.५०)	(१८७.५०)
भ्रमण खर्च	(१६६.६७)	(२५७.५०)	(२६५.००)
अफिस खर्च	(२५३.३३)	(३९१.४०)	(४०२.८०)
विविध खर्च	(१००.००)	(१५४.५०)	(१५९.००)
EBDIT	२२३,००६.६२	४०३,३१९.८५	४१७,९०१.७५
ह्रास खर्च	(७६,६०७.५६)	(११४,२७९.६९)	(११३,४४०.१८)
EBIT	१४६,३९९.०६	२८९,०४०.१६	३०४,४६१.५६
वित्तीय खर्च	(१२५,४२५.३३)	(२४०,६०२.०२)	(२२९,९३१.२४)
EBT	२०,९७३.७२	४८,४३८.१४	७४,५३०.३२
बोनस खर्च	(४११.२५)	(९४९.७७)	(१,४६१.३८)
आय कर	–	–	–
स्थगित कर	–	–	–
कर कट्टापश्चात्को नाफा	२०,५६२.४७	४७,४८८.३७	७३,०६८.९४
NPAT Brought Forward	(५३,४२८.१३)	(३२,८६५.६६)	१४,६२२.७१
न्यून : विनियोजन/ समायोजन			
समायोजन	–	–	–
प्रस्तावित लाभांश	–	–	(५०,०००.००)
खुद नाफा/नोक्सान	(३२,८६५.६६)	१४,६२२.७१	३७,६९१.६६

वासलात (आषाढ मसान्त, २०७९) अपरिष्कृत वित्तीय विवरण

विवरण	रकम रु. हजारमा
पुंजी तथा दायित्व	
शेयर पूंजी	६६०,०००.००
जगेडा तथा कोषहरु	(५३,४२८.१३)
तिर्न बाँकी कर्जा सापट	
दिर्घकालिन कर्जा	१,६६६,००७.१९
अल्पकालीन कर्जा	२८५,०००.००
व्यापारिक तथा अन्य तिर्नबाँकी	१५२,२२९.६१
अन्य चालु दायित्व	
कुल पूंजी तथा दायित्व	**२,७०९,८०८.६७**
सम्पत्ति	
नगद, बैंक/वित्तीय संस्थामा रहेको मौज्दात	७,३०२.९१
अन्य अचल सम्पत्ति	
सम्पत्ति, प्लान्ट र मेसिनरी	८,६६९.६५
लगानि	१६,७१६.६०
अमुर्त सम्पत्ति	
निर्माणाधिन पूजीगत सम्पत्ति	२,५३९,६७९.५६
अन्य सम्पत्ति	१३७,४३९.९४
कुल सम्पत्ति	**२,७०९,८०८.६७**

नाफानोक्सान हिसाब (आषाढ मसान्त, २०७९) अपरिष्कृत वित्तीय विवरण

विवरण	रकम रु. हजारमा
विक्रि आम्दानी	
विक्रिको खर्च	
अन्य आम्दानी	२१,६८७.३५
मेटामोटी आम्दानी	**२१,६८७.५३**
व्यत्तिगत खर्च (कर्मचारी बोनस सहित)	
ह्रास कट्टी र परिषोधन (Amortization)	१,९२२.५४
अन्य सञ्चालन खर्च	१६,४६२.५०
कुल सञ्चालन आम्दानी	**३,३०२.३१**
वित्तिय आम्दानी	
वित्तिय लागत	
सम्पूर्ण कारोवार पछिको खुद मुनाफा	**३,३०२.३१**
आयकर व्यवस्था	
खुद नाफा/(नोक्सान)	**३,३०२.३१**

आ.व. २०७९।८० असोज मसान्तको माया खोला हाईड्रोपावर कम्पनी लिमिटेडको व्यवस्थापनबाट प्रमाणित भएको अपरिष्कृत वित्तीय विवरण तल तालिकामा प्रस्तुत गरिएकोछ ।

वासलात (असोज मसान्त, २०७९) अपरिष्कृत वित्तीय विवरण

विवरण	रकम रु. हजारमा
पुंजी तथा दायित्व	
शेयर पूंजी	६६०,०००.००
जगेडा तथा कोषहरु	(५७,८८३.१७)
तिर्न बाँकी कर्जा सापट	
दिर्घकालिन कर्जा	१,८४१,२३१.४८
अल्पकालीन कर्जा	३००,०००.००
व्यापारिक तथा अन्य तिर्नबाँकी	
अन्य चालु दायित्व	२००,६८३.२८
कुल पूंजी तथा दायित्व	**२,९४४,०३१.५९**
सम्पत्ति	
नगद, बैंक/वित्तीय संस्थामा रहेको मौज्दात	५,२३८.४४
अन्य अचल सम्पत्ति	
सम्पत्ति, प्लान्ट र मेसिनरी	८,२७८.६५
लगानि	१६,७१६.६०
अमुर्त सम्पत्ति	
निर्माणाधिन पूँजीगत सम्पत्ति	२,७६७,३३४.१७
अन्य सम्पत्ति	१४६,४६३.७३
कुल सम्पत्ति	**२,९४४,०३१.५९**

नाफानोक्सान हिसाब (असोज मसान्त, २०७९) अपरिष्कृत वित्तीय विवरण

विवरण	रकम रु. हजारमा
विक्रि आम्दानी	
विक्रिको खर्च	
अन्य आम्दानी	११९.७९
मेटामोटी आम्दानी	११९.७९
व्यत्तिगत खर्च (कर्मचारी बोनस सहित)	
ह्रास कट्टी र परिषोधन (Amortization)	३९१.००
अन्य सञ्चालन खर्च	४,१८३.८३
कुल सञ्चालन आम्दानी	**(४,४५५.०४)**
वित्तिय आम्दानी	
वित्तिय लागत	
सम्पूर्ण कारोवार पछिको खुद मुनाफा	**(४,४५५.०४)**
आयकर व्यवस्था	
खुद नाफा/(नोक्सान)	**(४,४५५.०४)**

कम्पनीको वास्तविक तथा प्रक्षेपित इपिएस र नेटवर्थ प्रति शेयर देहाय बमोजिम छ :

विवरण	वास्तविक रु. हजारमा			अपरिष्कृत रु. हजारमा	प्रक्षेपित रु. हजारमा		
	०७५/७६	०७६/७७	०७७/७८	०७८/७९	०७९/८०	०८०/८१	०८१/८२
शेयर पुँजी	३४६,६३२.५०	४०७,७००.५	४९४,६९७.५	६६०,०००	१,०००,०००	१,०००,०००	१,०००,०००
संचित नाफा/नोक्सान	(२७,६८२.७८)	(४०,६६७.९९)	(५६,७३०.४५)	(५३,४२८.१३)	(३२,८६५.६६)	१४,६२२.७१	३७,६९१.६६
न्यून: खर्च							
खूद सम्पत्ति नेटवर्थ हजारमा	३१८,९४९.७२	३६७,०३२.५१	४३७,९६७.०५	६०६,५७१.८७	९६७१३४.३४	१,०१४,६२२.७१	१,०३७,६९१.६६
शेयर संख्या	३,४६६.३३	४,०७७.०१	४,९४६.९८	६,६००.००	१०,०००	१०,०००	१०,०००
प्रति शेयर नेटवर्थ (रु.)	९२.०१	९०.०३	८८.५३	९१.९०	९६.७१	१०१.४६	१०३.७७
नेटवर्थमा औषत प्रतिफल	–	–	–	–	२.१३%	४.६८%	७.०४%
प्रति शेयर आम्दानी	(४.२४)	(३.१८)	(३.२५)	०.५०	२.०६	४.७५	७.३१

नोट : आयोजना निर्माणाधीन अवस्थामा रहेको आयोजनाको सम्पूर्ण लागतलाई पुँजीकृत गरिने/गरिएकोले निष्काशन पूर्वको प्रतिशेयर आम्दानी नरहेको । कम्पनीको वित्तिय विवरण प्रक्षेपण विगत वर्षको कारोबारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो । उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनि आर. टी. एण्ड एसोसियट्स, चार्टर्ड एकाउण्टेण्टस् बाट प्रमाणित गर्नु भएको हो ।

प्रक्षेपित गरिएको वित्तीय विवरणहरुको गणनाको आधारहरु देहाय बमोजिम रहेको छ ।
१. कम्पनीले आ.ब २०७९/८० मा सर्वसाधारणलाई छुट्याईएको रु ३४,००,००,००० बराबरको शेयर निष्काशन गरिने योजना रहेको छ ।
२. शेयर निष्काशनबाट प्राप्त रकम निमार्णधीन आयोजनाको लागत तथा सिटिजन्स बैंकसंग आयोजन निर्माणको लागि लिईएको डिमान्ड लोन तिर्न उपयोग गर्ने प्रक्षेपण गरीएको छ ।
३. कम्पनी द्वारा निमार्णाधीन आयोजना पुर्णरुपमा मंसिर १, २०७९ बाट विक्रि सुरु हुने योजना रहेको छ ।
४. आयोजनाको लागत रु. ३ अर्ब अनुमान गरिएको छ ।
५. नेपाल विद्युत प्राधिकरणसँग भएको Power Purchase Agreement (PPA) का आधारमा प्रति युनिट विद्युत दर सुख्खा याममा रु. ८.४० र वर्षा याममा रु. ४.८० का आधारमा र सो दरमा आयोजनालाई प्रति बर्ष ३% का दरले ५ वर्षसम्म वृद्धि हुने गरि प्रक्षेपण गरिएको छ ।
६. प्रसाशनिक खर्च हरेक वर्ष सुरु खर्चको ३ प्रतिशतका दरले वृद्धि हुने अनुमान गरिएको छ । योजनाको बिमा खर्च योजनाको ह्रास कट्टी पछिको लागतको ०.३ प्रतिशत अनुमान गरिएको छ ।
७. मर्मत तथा संभार खर्च आयोजना लागतको ०.१५ प्रतिशत अनुमान गरिएको छ । साथै सो खर्च सुरु खर्चको ३ प्रतिशतका दरले वृद्धि हुने अनुमान गरिएको छ ।
८. सामाजिक उत्तरदायित्व खर्च आम्दानिको ०.१० प्रतिशत अनुमान गरिएको छ ।
९. योजनासंग सम्बन्धित सम्पतिको ह्रास खर्च कम्पनीको ह्रासकट्टी निति वमोजिम Straight Line Method (SLM) अनुसार आयोजनाको सञ्चालन अविधिको आधारमा प्रक्षेपण गरिएको छ । अन्य सम्पतिको ह्रास खर्च आयकरको ब्यबस्था अनुरुप गरिएको छ ।
१०. विद्युत ऐन २०५० अनुसार विद्युत उत्पादन गर्ने कम्पनीले नाफाको २ प्रतिशत कर्मचारी बोनस बापत व्यवस्था गर्नु पर्ने भएकाले सोही अनुसार बोनस खर्चको प्रक्षेपण गरिएको छ ।
११. कम्पनीको सुरुको १० वर्ष ० प्रतिशत, अर्को ५ बर्षसम्म १० प्रतिशत तथा १५ बर्षपछिको अवधीमा २० प्रतिशतका दरले आयकरको व्यवस्था गरिएको छ ।
१२. बैंक ऋण आ.व २०७९/८० बाट आगामी १२ वर्ष आ. व. २०९१/९२ भित्र बैंकले उपलब्ध गराएको ऋण तालिका अनुसार चुक्ता गर्ने प्रक्षेपण गरिएको छ ।
१३. बैंक ऋणको व्याज गणनाका लागि १२ प्रतिशत व्याजदर लिईएको छ । बैंक एजेन्सि शुल्क तथा चालुपूँजी कर्जाको नबिकरण शुल्क बाँकि ऋण रकमको ०.२५ प्रतिशत प्रक्षेपण गरीएको छ ।
१४. आर्थिक वर्षमा २०८१/८२ देखि लाभासं वितरणको प्रक्षेपण गरीएको छ ।
१५. रोयल्टि खर्च विद्युत खरिद बिक्री सम्झौतामा भएको प्रावधानको आधारमा प्रक्षेपण गरीएको छ ।

१४) अन्तर्निहित जोखिम तथा सोको व्यवस्थापनका लागि व्यवस्थापनको धारणा:
संगठित संस्थाले बहन गरेको वा गर्ने जोखिम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने । यस सन्दर्भमा जोखीमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी वर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखिमको विश्लेषण गर्नु पर्ने ।

क) वित्तीय साधनको अभावबाट हुने जोखिम :
- निर्माणाधीन अवस्थामा रहेको जलविद्युत आयोजनामा वित्तीय जोखिम न्यून रहेको ।
- नयाँ आयोजनाको अनुसन्धान तथा विकास संकुचन आउन सक्ने जोखिम न्यून रहेको । तर नेपाल विद्युत प्राधिकरणले विद्युत खरिद विक्री सम्झौता सहज र सरल नबनाएमा समस्या उत्पन्न हुने देखीन्छ ।
- संस्थामा आवद्ध शेयरधनीहरुले कबुल गरेको सम्पूर्ण रकम प्राप्त भइसकेको र बैंकबाट पनि ऋण प्राप्त भइरहेकोले वित्तीय साधनको अभावबाट हुने कुनै पनि जोखिम नहुने ।

ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :
- जलस्रोतको निरन्तर मापन गरि डिजाईन गरिएको हुँदा उक्त जोखिम कम रहेको ।

ग) उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम : हालको अवस्थामा विद्युतको बजारको जोखिम नरहेको ।

घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (cost overrun) को जोखिम : यस कम्पनीले मंसिर १, २०७९ सम्ममा विद्युत उत्पादन गर्ने लक्ष्य राखेको छ । कम्पनीको तर्फबाट सो मितिमा विद्युत उत्पादन गरी नेपाल विद्युत प्राधिकरणलाई विद्युत बिक्री गर्नेछ ।

ङ) विदेशी विनिमयको जोखिम : सवै मेसिनरी औजार अष्ट्रिया तथा भारतबाट आयात भएकोले विदेशी विनिमयको जोखिम रहेको ।

च) कानुनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने सो बाट पर्न सक्ने अवरोधहरु : अनुमति वा इजाजत प्राप्त गर्दा ढिलाई हुन गएमा नयाँ आयोजना निर्माण कार्यमा ढिलाई हुन सक्ने जोखिम रहेको ।

छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम : अन्तराष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु ।

ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट हुने जोखिम :
- नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट जोखिमहरु श्रृजना हुन सक्ने ।
- कर, भन्सार आदि सम्बन्धी व्यवस्थामा परिर्वतन भएमा जोखिमहरु श्रृजना हुन सक्ने ।

झ) संचालन इतिहासको अभाव : आयोजना सञ्चालनमा नआउन्जेल सम्म सो विषयमा जोखिम रहेको।

ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम : जलविद्युत आयोजना निर्माणको लागी आवश्यक टर्वाइन, पेनस्टक, जेनेरेटर लगायतका विभिन्न उपकरणमा आउने परिवर्तन तथा नयाँ प्रविधिबाट विद्युत उपकरणहरु फेजआउट भएमा ।

ट) अन्य :
- दैवि प्रकोप तथा काबु बाहिरको परिस्थिति उत्पन्न भइ आयोजनामा कुनै प्राकृतिक क्षति भएमा आयोजनाको लागत बढ्न सक्ने जोखिम रहेको ।
- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।

नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोतभन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहको व्यवस्थापनको धारणा रहेको छ । साथै उर्जा विभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी । यस मध्ये पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी नहुने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युतभन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा जोखिम नरहेको धारणा व्यवस्थापनको रहेको छ । साथै उपरोक्त सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न उपकरणहरुको ह्रास खर्चको व्यवस्थाको साथै केन्द्र र आयोजनाका आवश्यकयस कम्पनी तथा आयोजनाको आवश्यक संरचना, मेसिन, औजार र उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न निर्माणाधिन आयोजनाको निम्नानुसारका बिमा गरिएको छ ।

सि.नं.	बिमाको प्रकार	बिमा कम्पनीको नाम	बिमाङ्क रकम (रु.)	बिमा अवधि	बिमा शुल्क (रु.)
१	सिभिल कार्य	एनएलजी इन्स्योरेन्स कं.लि.	१,१७,५२,३८,६५९।३४	निर्माण कार्यको लागि: १८।१०।२०२१ देखि १७।०४।२०२३ मर्मत सम्भार कार्यको लागि १८।०४।२०२३ देखि १७।०४।२०२४	२९,४८,१९०।००
२	हाइड्रोमेकानिकल कार्य	शिखर इन्सुरेन्स	१९,४०,८६,०७८।२३	मार्च ७, २०२१ देखि अक्टोबर २७, २०२३	१,६५,८२३।८६
३	इलेक्ट्रोमेकानिकल समान - भारत	ओरियन्टल इन्सुरेन्स	१३,४३,७४,३२२।२२	मार्च १८, २०२१ देखि मार्च १७, २०२३	६,५२,३४३।००
४	इलेक्ट्रोमेकानिकल समान - अष्ट्रिया	ओरियन्टल इन्सुरेन्स	१८,६८,६३,८८०।८७	मे १४, २०२१ देखि डिसेम्बर १३, २०२२	७,८४,६७८।९४

धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम :
रु.१००/–प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

१५) सकारात्मक पक्षहरू :
१. आयोजनाबाट प्राप्त हुने आयमा १० वर्ष आयकर छुट तथा सो पश्चात् ५ वर्षको लागि ५० प्रतिशत आयकर छुट प्राप्त भएको हुँदा लाभांशको दर बढी रहेको ।
२. डाउन पिलुवा खोला साना जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनिकरण गर्न बिमा गरिएको ।
३. कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको ।
४. जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनावद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्वल रहेको ।

१६) धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सुचीकरण सम्बन्धी व्यवस्था :

क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया :
यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्याभन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।
१. शेयर बाँडफाँड गर्दा सर्वप्रथम सबै आवेदकलाई दश कित्ताको दरले बाँडफाँड गरिनेछ ।
२. बुँदा (१) बमोजिम बाँडफाँड गरे पश्चात् बाँकी रहेको निष्काशित शेयर बीस वा सो भन्दा बढी कित्ता आवेदन गर्ने आवेदकहरुलाई पुन: दश कित्ताको दरले बाँडफाँड गरिनेछ ।
३. बुँदा (२) बमोजिम शेयर बाँडफाँडको प्रकृया सम्पन्न भएपश्चात् धितोपत्र बाँकी भएमा सोही प्रकृया अपनाई बाँडफाँड गरिनेछ ।
४. उपरोक्तानुसार शेयर बाँडफाँड गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँड गर्न अपुग हुने अवस्थामा न्यूनतम १० कित्ता पाउने गरि गोला प्रथाबाट आवेदक छनौट गरि गरिनेछ ।
५. शेयर बाँडफाँड सफ्टवेयर तथा बाँडफाँड तालिकाका सम्बन्धमा बोर्डको सहमति लिईनेछ ।
६. शेयर बाँडफाँडको जानकारी बाँडफाँड गरेको भोलीपल्टसम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराईनेछ । साथै, न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँड गरी बाँडफाँड हुन बाँकी रहेको शेयर संगठित संस्था र प्रत्याभूतिकर्ताहरु बीच भएको प्रत्याभूति सम्बन्धी सम्झौतामा उल्लेख भए अनुसार प्रत्याभूतिकर्ताहरुलाई दामासाहीले बाँडफाँड गरिनेछ ।

ख) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था : शेयर बिक्री बन्द भएको मितिले बोर्डले निर्धारित गरेको समयभित्र शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृतरअस्वीकृत भएको व्यहोरा जनाइएको शेयर बाँडफाँड पत्र र रकम फिर्ता भुक्तानी पूर्जा दिइनेछ ।

ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :
धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँड पत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" को दफा २९ (३) भएको व्यवस्था बमोजिम शेयर बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा यस निष्कासनमा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ (आस्वा) ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएकोले आवेदक कै बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेको छ ।

घ) धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधी : निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरी सूचीकरण भए पश्चात् "धितोपत्र केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७" को नियम २४ को उपनियम (७) बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रूपमा शेयर जम्मा गरिनेछ ।

ङ) धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण : सो नभएको ।

च) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीदरबिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण : निष्काशन गरिने साधारण शेयरको बाँडफाँड पश्चात् धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार निर्धारित अवधि भित्र सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरिने धितोपत्र तथा उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुलाई निष्काशन गरिएको साधारण शेयर सूचिकरण गराई शेयर खरिदरबिक्रीको व्यवस्था मिलाइने छ ।

(१७) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :
नेपाली नागरिकले स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि आवेदन दिंदा निम्न बमोजिमका प्रकृया तथा शर्तहरु पुरा गरेको हुनुपर्नेछ ।
१. आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनुपर्नेछ ।
२. आस्वा प्रणाली अन्तर्गतको आवेदन दिँदा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३, अनुसूची ४ को सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा खुलाउनु पर्ने (जस्तै: डिपी आईडीर क्लाइन्ट आईडी, खाता नं., नाम, थर, ठेगाना, सम्पर्क नं. नागरिकता नं., धितोपत्र निष्काशन कम्पनीको नाम, खरीद गर्न चाहेको धितोपत्रको संख्या, खरीद गर्न चाहेको धितोपत्रको रकम आदि) ।
३. आवेदकले आवेदन दिनुपूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई "धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रीकृत विद्युतीय सेवाकार्य सञ्चालन निर्देशिका, २०७४" को अनुसूची ४ बमोजिमको सि-आस्वा रजिष्ट्रेशन फाराम फरी CRN नं. लिनुपर्नेछ ।
४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूची ४ मा भएको विवरण मिल्नुपर्नेछ ।
५. आवेदकले CRN नं. प्राप्त गरेपश्चात शेयर खरिदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरिदका लागि आवेदन दिनु पर्नेछ ।
६. आवेदकले आवेदनमा उल्लेख गरेको हितग्राही परिचय नं. अन्य विवरण सि-आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राहीखाता र अन्य विवरणसँग रुजु हुनुपर्नेछ ।
७. आवेदकले आवेदन फाराम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यानदिई स्पष्टसँग आवेदन फाराम भरी बुझाउनु पर्नेछ
  क) धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।
  ख) आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं. र ईमेल ।
  ग) नाबालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।
  घ) खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा)
  ङ) खरिद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा)
  च) आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।
  छ) आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर
८. आवेदकले आवेदन दिंदा सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय रहेको हुनुहुँदैन ।
९. आवेदन दिएको रकम बराबरको रकम बैंक खातामा हुनुपर्नेछ ।
१०. एक व्यक्तिले आफूले खरीद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढि दरखास्त दिनपाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढि आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।
११. धितोपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिइसकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानी कर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गरिनेछ ।
१२. धितोपत्र बाँडफाँड गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।
१३. सिडिएस एण्ड क्लियरिङ्ग लि. बाट उपलब्ध गराइएको "मेरो सेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदनदिन सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिइसकेको हुनुपर्नेछ ।
१४. रित पूर्वक प्राप्त नभएको दरखास्त फारामलाई साधारण शेयर बाँडफाँडमा समावेश गरिने छैन र सो को जिम्मेवार आवेदक र सम्बन्धित सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्था स्वयं हुनुपर्नेछ ।
१५. शेयर बाँडफाँड गरि सूचीकरण पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँटमा परेको शेयर निजहरुको हितग्राहीखातामा जम्मा गर्ने व्यवस्था गरिनेछ ।
१६. रु. ५ लाख सम्मको लागि आवेदनदिने आवेदकले स्वेच्छिक रुपमा र सो भन्दा बढि रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा प्यान नम्बर दरखास्त फाराममा खुलाउनु पर्नेछ ।

स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० (दश) कित्ता तथा सो भन्दा बढीका लागि १० अंकले भाग जाने संख्यामा अधिकतम १,००,००० (एक लाख) कित्ता सम्मका लागि आवेदन दिन सकिनेछ ।

१८) धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

क्र.सं.	रकम	उपयोग गरिने योजना
१	**३४,००,००,०००/–**	सिटिजन्स बैंक ईन्टरनेशनल लिमिटेड बाट लिइएको ऋण र त्यसमा लागेको व्याज भुक्तानी गर्न प्रयोग गरिने ।
जम्मा	**३४,००,००,०००/–**	

१९) विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थान :

सि.नं.	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
१.	प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं, नेपाल, वेवसाइट : www.prabhucapital.com
२.	माया खोला हाईड्रोपावर कम्पनी लिमिटेड, का.म.न.पा.-४, धुम्बाराही, काठमाण्डौं वेवसाइट: www.mkhpcl.com.np
३.	नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेवसाइट, www.sebon.gov.np

२०) निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :
यस निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक **(Banker to the Issue)** को रुपमा नियुक्त गरिएको छ ।

सि.नं	निष्काशन बैंकको नाम, ठेगाना	बैंक खाता नम्बर
१	प्रभु बैंक लिमिटेड, कमलादी, काठमाण्डौ	१११००६३१८१६००११३

२१) धितोपत्र खुल्ला अवधि :
स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने शेयरहरुको लागि आवेदन लिने कार्य कम्तीमा चारकार्य दिनको लागि खुल्ला गरिनेछ । सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा दरखास्त खुल्ला भएको मितिले वढीमा १५ दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ ।

२२) गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :
निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि निष्कासन कम्पनी तथा धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु प्रेषित गर्न सक्नेछन् :
१. निष्कासनकर्ता कम्पनीको तर्फबाट श्री सागर नेपाल फोन नं.: ०१-४४३६३२५ तथा इमेल : mayakhola.hpc@gmail.com
२. निष्कासन तथा विक्री प्रबन्धकको तर्फबाट श्री रामहरी खत्री - फोन नं.: ०१-४४१६९१०० (एक्स. ३०४) तथा इमेल: ramhari.khatri@prabhucapital.com

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

PRABHU CAPITAL
(A Subsidiary of Prabhu Bank Ltd.)

प्रभु क्यापिटल लिमिटेड

कमलादी, काठमाडौं, फोन नं. ०१-४१६९१००, ०१-५९७०२००
E-mail:info@prabhucapital.com, Web: www.prabhucapital.com